संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक -५८

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १२:५९ बजे*
*बैठक स्थगित : २:३१ बजे*

२०७९ भदौ ३१, शुक्रबार

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **अन्ठाउन्नौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १२:५९** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"विशेष समय"** मा बोल्नको लागि दलीय आधारमा प्राप्त नामावली अनुसार क्रमाशः देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय कमला पन्त**ले २०७९ मंसिर ४ मा हुने प्रतिनिधि सभा र प्रदेश सभाको आसन्न निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित बनाउँदै निर्वाचनमा महिलाको प्रत्यक्ष सहभागिता बढाउन सम्बन्धित पक्षको ध्यानकर्षण गराउनुभयो । उहाँले चाडपर्वको समयमा सुपथ पसलको सञ्चालन र बजारको अनुगमन सशक्त सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय देवेन्द्र दाहाल**ले वर्तमान गठबन्धन सरकारले जनसरोकारको विषय तर्फ ध्यान नदिएको आरोप लगाउनुहुँदै वर्तमान सरकार सच्चिन आग्रह गर्नुभयो ।

**माननीय माया प्रसाद शर्मा**ले प्रत्यायोजित तथा सरकारी आश्वासन समितिको सभापति पदमा नियुक्त गर्ने सबैलाई धन्यवाद प्रदान गर्नुहुँदै देशका विभिन्न ठाउँमा बाढी पहिरोले क्षती पुऱ्याएको जानकारी गराउनुभयो । साथै क्षतिपुर्तिको लागि सरकार समक्ष माग गर्नुभयो। राष्ट्रिय सभामा मन्त्री उपस्थित भएर जवाफ दिने नगरेको सम्बन्धमा सभाको ध्यानकर्षण गराउनुहुँदै मन्त्रीको उपस्थिति र जवाफ दिने वातावरण सरकारले बनाउनु पर्ने माग गर्नुभयो ।

**माननीय जयन्ती देवी राई**ले आम नागरिक महङ्गीको चपेटामा परेको विषय पटक-पटक सदनमा उठाउँदा पनि यस विषयको सम्बोधन नभएको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय खिमलाल देवकोटा**ले स्थानीय निर्वाचन पश्चात् स्थानीय सरकारले आफ्नो काम गरिरहेको तर फोहोर व्यवस्थापन अपेक्षित रूपमा हुन नसकेकाले यसको व्यवस्थापनका लागि संघ सरकारले स्थानीय सरकारसँग समन्वय गरी उक्त समस्या समाधान गर्न माग गर्नुभयो ।

**माननीय डा. विमला राई पौड्याल**ले रूस-युक्रेन युद्धका कारण बढेको भनिएको महङ्गी र युद्ध

रोकिने कुनै छाँटकाँट नदेखिएको बारेमा चिन्ता व्यक्त गर्नुहुँदै नेपाल विश्वशान्तिको लागि पहल गर्नु पर्ने विषय उजागर गर्नुभयो । उहाँले डेङ्गुको संक्रमण भयावह हुँदै जाँदा पनि सरकार यस सम्बन्धमा मौन बसेर सिट बाँडफाँट र निर्वाचनमा मात्रै केन्द्रित भएर बसेको आरोप लगाउनुहुँदै डेङ्गु नियन्त्रणमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय गोमा देवी तिमल्सिना**ले डेङ्गु नियन्त्रण तथा अवैधानिक संरचना हटाउने र सडकका व्यापारी व्यवस्थापनका लागि खाली ठाउँमा व्यापार गर्ने व्यवस्था गर्न माग गर्नुभयो ।

**माननीय भैरव सुन्दर श्रेष्ठ**ले गठबन्धन सरकारको कारण लोकतन्त्र र गणतन्त्रको धराशायी भएको आरोप लगाउनुभयो ।

**माननीय युवराज शर्मा**ले प्रधानमन्त्रीले कर्मचारीलाई तलब दिन समेत ऋण लिनु पर्ने अवस्था रहेको अभिव्यक्ति दिनु चिन्ताजनक विषय रहेकाले देशको आर्थिक स्थिति सुधार गर्नका लागि यो र उ दललाई आक्षेप लगाउन छाडेर एकजुट हुन आह्वान गर्नुहुँदै संविधानको प्रभाकारी कार्यान्वयनमा सबै दललाई स्वमित्व ग्रहण गर्न सबैलाई आग्रह गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **“विशेष समय”** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले नेपालको संविधानको धारा ११२ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ११६ बमोजिम माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसाललाई राष्ट्रिय सभामा विचाराधीन “विद्युत विधेयक, २०७७ फिर्ता गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसालले पेश गर्नुभएको राष्ट्रिय सभामा विचाराधीन “विद्युत विधेयक, २०७७ फिर्ता गरियोस्” भन्ने प्रस्तावमाथि कुनै पनि माननीय सदस्यबाट विरोध नभएको जानकारी गराउनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सभाबाट सर्वसम्मतिले स्वीकृत भई सभाबाट उक्त विधेयक फिर्ता भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल असोज २ गते आइतबार बिहान १०:५९ बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव